# 多言語情報コーナー　（令和８年　３月号）

## (१) सबै साइकल चालकहरूलाई सूचना !

सडक ट्राफिक ऐनको आंशिक संशोधनको कारणले गर्दा, सन् २०२६ साल अप्रिल १ तारीख देखि साइकल ट्राफिक उल्लङ्घनको लागि "ट्राफिक उल्लङ्घन सूचना प्रणाली" लागू गरिनेछ।
"ट्राफिक उल्लङ्घन सूचना प्रणाली" एउटा यस्तो प्रणाली हो जसमा १६ वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूले साइकल चलाउँदा ट्राफिक नियमहरूको पालना नगरेमा जरिवाना तिर्नुपर्ने हुन्छ।

उदाहरणका लागि, मुख्य गलत गतिविधीहरु निम्न प्रकार छन्।
- रातो सिग्नल बत्तीमा सड़क पारगर्नु
- स्मार्टफोन हेर्दै चलाउनु
- छाता ओढेर चलाउनु वा इयरफोन लगाएर ठूलो स्वरमा संगीत सुन्नु
- सड़कको दायाँ पट्टीबाट चलाउनु
- 「止まれ」(रोक्नु) लेखेको ठाऊँ र रेलवे क्रसिङमा नरोकिनु
- राती बत्ती नबालेर चलाउनु
- २ वटा वा त्यो भन्दा बढ़ी साईकल नारिएर चलाउनु

जरिवाना, नियम उल्लङ्घनको प्रकृतिमा निर्भर गर्दछ, तर जरिवाना ३,००० देखि १२,००० येन सम्म हुने अपेक्षा गरिएको छ।

हालैका वर्षहरूमा साइकल दुर्घटनाहरूमा भएको वृद्धिको प्रतिक्रियामा, गम्भीर चोटपटक र दुर्घटनाहरू रोक्न यी नियमहरू लागू गरिएको छ। साइकललाई कार र मोटरसाइकल जस्तै "वाहन" मानिन्छ।
कृपया पहिलेभन्दा बढी ट्राफिक नियमहरूको पालना गरेर, सुरक्षित रूपमा चलाउने गर्नुहोला।

## (२) मूल्य बृद्धि प्रतिक्रियामा बाल-पालन सहयोग भत्तामा, थप भत्ता भुक्तानी बारे जानकारी !

बढ्दो मूल्यवृद्धिबाट उल्लेखनीय रूपमा प्रभावित बालबालिका भएका परिवारहरूलाई २०,००० येनको राष्ट्रिय बाल-पालन सहयोग भत्ता र १०,००० येनको शहर-विशिष्ट बाल-पालन सहयोग थप भत्ता प्रदान गरिने भएकोछ।

योग्य प्राप्तकर्ताहरू ती व्यक्तिहरू हुन् जो शहर भित्र बस्छन् र निम्न मापदण्डहरू पूरा गर्छन् :

१. सेप्टेम्बर २०२५ को लागि बाल भत्ताको लागि योग्य बालबालिकाका अभिभावकहरू

२. अक्टोबर १, २०२५ र मार्च ३१, २०२६ को बीचमा जन्मेका बालबालिकाका अभिभावकहरू

३. अक्टोबर १, २०२५ पछि सम्बन्ध विच्छेदको कारणले बाल भत्ताको लागि आवेदन दिन आवश्यक व्यक्तिहरू

जनवरी २०२६ सम्ममा शहरमा बाल भत्ताको लागि आवेदन दिनेहरूका लागि, मार्च ४ मा उनीहरूको बाल भत्ता भुक्तानी खातामा पैसा स्थानान्तरण गरिनेछ। बाँकी सबैले कोसोदाते सोउमु-का (बाल पालनपोषण सामान्य मामिला विभाग) मा आवेदन दिनुपर्नेछ।

भुक्तानी रकम, जन्मदेखि उच्च माध्यमिक विद्यालयको तेस्रो वर्ष सम्मका प्रति बच्चा ३०,००० येन हुनेछ, र यो एक पटकको लागि मात्र हुनेछ।

# 多言語情報コーナー　　　　　　　　　（令和８年　３月号）

## (३) कृपया पानी बगाउने नालीमा फोहोर र तेल जस्ता पदार्थहरु फ्लश नगर्ने बारे जानकारी !

घरको भान्छा वा पसलको भान्साबाट निस्कने फोहोर र तेलले ढलको पाइपहरू बुजिन सक्छ, जसले गर्दा ढलको ट्याङ्की र म्यानहोलहरूबाट फोहोर पानी ओभरफ्लो हुनेगर्दछ।

यो हुनबाट रोक्नको लागि, कृपया निम्न उपायहरू अपनाएर, ढल प्रणालीमा फोहोर र तेल बहन रोक्न सावधान हुनुहोला।
- टवाईलेटमा, टवाईलेट्-पेपर बाहेक अन्य किसिमका फोहोर हालेर फ्लश नगर्ने।
- खाना पकाउने प्रयोग गरिएका भाँडाकुँडाहरू र टेबलवेयरहरू तेल पुछेर सफा गरेपछि मात्र धुने।
- खान नसकि बाँकी बचेको झोल पदार्थलाई त्यत्तिकै फ्लश नगरेर, फ्लश गर्नु अघि पुरानो कपडाले छानेर मात्र फ़लश गर्ने वा पुराना कागज आदिले सोसेर जल्ने गोमीमा राख्ने।
- तार्नको लागि प्रयोग गरेको तेलको लागि, यसलाई बजारमा उपलब्ध ग्योउको-जाइ (कौगुलेन्ट) ले ठोस बनाउने र यसलाई जलाउन सकिने फोहोरको रूपमा फाल्ने। वैकल्पिक रूपमा, तेललाई पर्याप्त रूपमा चिसो पार्ने, तेलमा कुनै पनि ठूला कणहरू छन् भने त्यसलाई हटाउने, र त्यसपछि यसलाई संकलनको लागि खाली पेट बोतलमा राख्नुहोस्।

संकलनको लागि पेट बोतलमा राखेर बाहिर राख्नु अघि ढक्कन कडागरि बन्द गर्न निश्चित हुनुहोस्। संकलन गर्न सकिने तेलहरुमा, वनस्पति तेलमा मात्र सीमित छ। मुख्य संकलन बिन्दुहरू:- शियाकुस्योको मुख्य भवनको बहु-तल्ले पार्किङ लट छेउमा रहेको सुरक्षा गार्डको कोठाको छेउमा, प्रत्येक क्षेत्रीय सोउगोउ शिस्यो (सामान्य शाखा कार्यालय) को चिइक़िजुकरि सुईसिन्-का मादोगुचि (सामुदायिक विकास प्रवर्द्धन डिभिजन काउन्टर) मा, ठूला सडक छेउका मिचिनो-एकि आदि मा, जहाँ कन्टेनर-प्रकारको सङ्कलन बाकसहरू राखिएका हुन्छन्। यसबाहेक, शहरमा सुपरमार्केट तोरिसेन कुरानो माचि स्टोर, तोरिसेन ओहिरा स्टोर, तोरिसेन फुजियोका स्टोर, र ओतानी निशिकाता स्टोरमा संकलन बिन्दुहरू छन्।

यदि तपाईंको ढलको पाइपहरू अवरुद्ध भएको र ढलको पानी अब बग्ने सम्भावना नहुने अवस्थामा, कृपया तोचिगी-शि हाईसुई सेचुबि सीतेइ कोउजि कम्पनी (सिटी ड्रेनेज सुविधा निर्माण कम्पनी) लाई सम्पर्क गर्नुहोला।